# एम्नेस्टी इन्टरनेसनल प्रतिवेदन २०१२

*(ए.आई. को वार्षिक प्रतिवेदन २०१२ को पेज नं. २५० देखि २५२ मा समाविष्ट नेपालखण्डको अनौपचारिक नेपाली अनुवाद)*

## नेपाल

### संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल

| | |
|---|---|
| **राष्ट्रप्रमुख :** | **रामवरण यादव** |
| **सरकारप्रमुख :** | **बाबुराम भट्टराई** (झलनाथ खनाललाई अगस्ट (२०६८ साउन) महिनामा प्रतिस्थापन गर्नुभएको र खनालले माधवकुमार नेपाललाई फेब्रुवरी (२०६७ माघ) महिनामा प्रतिस्थापन गर्नुभएको) |
| **मृत्युदण्ड :** | **सबै अपराधहरूका लागि उन्मूलन** |
| **जनसंख्या :** | **३ करोड ५ लाख** |
| **औसत आयु :** | **६८.८ वर्ष** |
| **५ वर्षमुनिका बालबालिकाको मृत्युदर (पु/म):** | **५८.२ प्रति १,०००** |
| **वयस्क साक्षरता :** | **५९.१ प्रतिशत** |

**मानवअधिकार हनन्का दोषीहरुलाई कानुनी प्रक्रियामा ल्याई जवाफदेही बनाउने कार्यमा नेपालको विफलताले निरन्तरता पायो । सरकारमा रहेका राजनीतिक दलहरुले विगतको सशस्त्र द्वन्द्वकाक्रममा फौजदारी अभियोग लागेका गम्भीर मानवअधिकार हनन्का घटना लगायत सयौं मुद्दाहरु फिर्ताको माग गरी न्यायलाई पूर्ण रुपमा क्षतविक्षत पार्ने काम गरे । प्रहरी हिरासतमा यातना र अन्य दुर्व्यवहारका व्यापक घटनाहरु भए । प्रहरीले तिब्बती शरणार्थीको संगठित हुने र अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई बढ्दो मात्रामा रोक लगायो । जबरजस्ती श्रमको अवस्था लगायत नेपाली आप्रवासी श्रमिकहरुमाथि विदेशमा हुने शोषणले निरन्तरता पायो । जातीय, धार्मिक र लैंगिक भेदभावहरु धेरैजसो चुनौतिरहित ढंगले अघि बढीरहे । महिला र बालिका विरुद्धको हिंसा पनि विद्यमान रह्यो ।**

### पृष्ठभूमि

वि.सं. २०६३ (सन् २००६) मा भएको विस्तृत शान्ति सम्झौताको अनुगमन गर्दै आएको संयुक्त राष्ट्रसंघीय मिसनले जनवरी (२०६८ पुस) महिनादेखि आफ्नो कार्य बन्द गर्‍यो । तर शान्ति सम्झौताका मुख्य विषयवस्तुहरु भने पूरा भएनन् । फेब्रुवरी (२०६७ माघ) मा निर्वाचित प्रधानमन्त्री झलनाथ खनालले शान्ति प्रक्रिया र नयाँ संविधान निर्माणमा खास प्रगति हासिल गर्न नसकेका कारण १४ अगष्ट (२०६८ साउन २९) मा राजीनामा दिनुभयो । त्यसपछि एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) पार्टीका उपाध्यक्ष बाबुराम भट्टराईको नेतृत्वमा नयाँ सरकार बन्यो । त्यो सरकारले अन्ततः संविधानसभाको म्याद २७ मे २०१२ (२०६९ जेठ १४) सम्मकोलागि बढायो र नयाँ निर्धारित समयमा संविधान निर्माणको काम पूरा गर्ने प्रतिबद्धता जनाइरहेको छ ।

### संक्रमणकालीन न्याय

नेपालको विस्तृत शान्ति सम्झौताको नं. ५ मा विगतको सशस्त्र द्वन्द्वमा भएका मानवअधिकार हनन् र मानवता विरुद्धको अपराधका घटनाहरुको छानविन गर्नकालागि सत्य तथा मेलमिलाप आयोग बनाउने उल्लेख गरिएको थियो ।

यद्यपि आयोग बनाउनकालागि ऐन बनाउने कार्यले अझै पूर्णता पाएको छैन । "द्वन्द्व पीडित परिवार" लाई अन्तरिम खालको रकम उपलब्ध गराउँदै आएतापनि सत्य थाहा पाउने र न्याय पाउने पीडितहरुको अधिकार पूरा गर्न भने सरकार असफल रह्यो ।

## जबर्जस्ती बेपत्ता

सरकारले १९९६ देखि २००६ (विसं. २०५२ देखि २०६३) को बीचमा भएको सशस्त्र द्वन्द्वका क्रममा दुवैपक्षबाट जबर्जस्ती बेपत्ता पारिएका हजारौं नागरिकहरुको अवस्था सार्वजनिक गर्नका लागि आयोग बनाउने कार्य अझै गर्न सकेन । जबकी (पछिल्लो पटक वर्तमान) सरकारले उक्त आयोग सेप्टेम्बर (२०६८ असोज १५) भित्रै बनाउने प्रतिबद्धता जनाएको थियो ।

## दण्डहीनता

प्रधानमन्त्रीको निर्वाचनको ठीक अघि राजनीतिक सहमति जुटाउनकालागि एनेकपा (माओवादी) ले तराई केन्द्रीत राजनीतिक दलहरुसँग अन्य कुराको अलावा राजनीतिक पार्टीका सदस्यहरु उपर लागेको आपराधिक घटनाको मुद्दा फिर्ता लिने सम्झौता गर्‍यो । त्यस सम्झौतामा विगतको सशस्त्र द्वन्द्वमा गरिएको मानवअधिकारसँग सम्बन्धित अपराधका घटनामा संलग्नको पनि मुद्दा फिर्ता लिने कुरा उल्लेख गरिएको थियो । त्यसपछि २८ अगस्ट (२०६८ भदौ ११ गते) का दिन सरकारले मुद्दा फिर्ता लिने सम्बन्धी आफ्नो अभिप्राय प्रष्ट गर्‍यो, जसलाई महान्यायाधिवक्ताले पनि सार्वजनिक भनाई मार्फत् समर्थन गर्नुभयो ।

- सन् २००५ मा शिक्षक अर्जुन लामाको अपहरण तथा हत्यामा संलग्न भएको आरोप लागेका अग्नि सापकोटालाई मे (वैशाख) मा सूचना तथा सञ्चार मन्त्री बनाइएकोमा कुराको मानवअधिकार रक्षकहरुले विरोध जनाए । सो मुद्दाका सम्बन्धमा यसअघि भएका प्रगतिका बारेमा जानकारी गराउन २१ जुन (७ असार २०६८) का दिन सर्वोच्च अदालतले काभ्रे जिल्ला प्रहरीलाई अदालतको आदेश दियो । तर सापकोटाको नियुक्ति बदर सम्बन्धमा भने अदालतले आदेश दिएन ।
- जुलाई (२०६८ असार २९) मा सर्बोच्च अदालत सन् २००३ (२०६० असोज) को 'धनुषा ५' हत्या प्रकरणमा संलग्नताको आरोप लागेका बरिष्ठ प्रहरी अधिकृतको बढुवा रोक्ने सम्बन्धी विषयमा आदेश दिन चाहेन, जुन घटनामा सञ्जीवकुमार कर्णसहितका ५ जना युवाहरुलाई सुरक्षा निकायले हत्या गरेको बताइएको थियो । ती ५ जना पीडितहरुको शवउत्खनन कार्य फेब्रुवरी (२०६७ माघ) महिनामा सम्पन्न भएको थियो ।
- अक्टुबर (२०६८ कात्तिक) महिनामा नेपालको मन्त्री परिषदले माओवादी पार्टीका संविधानसभा सदस्य बालकृष्ण ढुंगेललाई आममाफी दिने सिफारिस गरियो । उनलाई हत्याको घटनामा दोषी ठहर गर्दै जनवरी (२०६७ पुस) महिनामा आजीवन कारावास सजायको फैसला भएको थियो ।

## यातना र अन्य दुर्व्यवहार

प्रहरी हिरासतमा व्यापक मात्रामा यातना र अन्य दुर्व्यवहार भयो । जुन (२०६८ असार) महिनामा नेपालस्थित यातना पीडित सरोकार केन्द्र नामक संस्थाले जनाएअनुसार वि.सं. २०६३ (सन् २००६) मा सशस्त्र द्वन्द्वपछिका अधिकांश यातनाका घटनाहरु प्रहरीद्वारा गराइएका छन् । ९ सय ८९ बन्दीहरुसँगको अन्तर्वार्ताका क्रममा ७४ प्रतिशतले हिरासतमा यातना पाएको बताए ।

नेपालको घरेलु कानुनले यातनालाई अझै पनि आपराधिकरण गरेको छैन । मानवअधिकार सम्बन्धी रेकर्डको मूल्याङ्कनका लागि पहिलो पटक भएको संयुक्त राष्ट्रसंघीय विश्वव्यापी आवधिक समीक्षामा आफूकहाँ प्रणालीगत ढंगले व्यवस्थित रुपमा नै यातना दिइने गरेको कुरालाई नेपालले अस्वीकार गरेको थियो । सो अवसरमा नेपालका तर्फबाट यातना विरुद्धको महासन्धिमा उल्लिखित प्रावधानहरुलाई समावेश गरी विधयेयक ल्याउने काम 'सक्रिय विचारणीय अवस्थामा' रहेको जानकारी पनि गराएको थियो ।

## आप्रवासी श्रमिकहरु

खासगरी गरिबी र उच्च बेरोजगारीका कारण वार्षिक कम्तिमा ३ लाख नेपाली श्रमिकहरु वैधानिक मार्गबाट कामका लागि विदेश गए । रोजगारीमा पठाउनेहरुमध्ये केहीले जबर्जस्ती श्रममा लगाउनका लागि श्रमिकहरुको तलव र कामको अवस्थाका बारेमा जालसाँझी गर्ने एवं सम्झौतापत्र फेरवदल गर्ने जस्ता कार्य गरेर मानव तस्करी गरे ।

श्रमिकहरुले विदेश जानु अघि लिएको ऋणको ब्याज उच्च हुनु, वाचा गरिए भन्दा कम तलब दिइनु र कागजात जफत गरिनुका कारण धेरैजसो आप्रवासी श्रमिकहरुले त्यस्तो जबरजस्ती श्रमलाई अस्वीकार गर्न सकेनन् । नेपालले आप्रवासी श्रमिकहरुको संरक्षणकालागि केही कानुन तर्जुमा गरेतापनि कतिपय अवस्थामा रोजगारदाता कम्पनीको अनुगमन गर्न राज्य असफल भएको पाइएको छ । वैदेशिक रोजगार ऐन उल्लंघन गर्ने रोजगार कम्पनीलाई कानुनी कारवाही गरिएको खासै पाइएन ।

- सन् २०१० (वि.सं. २०६७) मा रोजगारदाता कम्पनीले तलब नदिएपछि लिबियामा अलपत्र परेका १ सय ८ जना नेपाली श्रमिकहरुलाई अप्रिल (२०६८ वैशाख) महिनामा आंशिक राहत उपलब्ध गराइयो । ती श्रमिकहरु, ट्रेड युनियनहरु र एम्नेस्टी इन्टरनेसनलको दवाव पश्चात् जुलाई (२०६८ साउन) महिनामा वैदेशिक रोजगार विभाग र जिल्ला सरकारी वकिलको कार्यालयद्वारा सो मुद्दा छानविनका लागि वैदेशिक रोजगार न्यायाधीकरणमा पठाइयो ।

## भेला हुने, संगठित हुने र अभिव्यक्ति स्वतन्त्रता

चीनको दवाव पश्चात् तिब्बती शरणार्थीहरुको संगठित हुने र अभिव्यक्ति स्वतन्त्रतामा प्रहरीको दमन बढेर गयो । निजी घरहरुमा हुने गरेका वैठकहरुलाई प्रहरीले अवरोध सिर्जना गर्‍यो भने स्वतन्त्र तिब्बतको पक्षमा ब्यानर प्रदर्शन गर्दा वा नारा लगाउँदा त्यसो गर्ने नागरिकहरुलाई प्रहरीले गिरफ्तार गर्‍यो । महत्वपूर्ण तिथि अगाडि तिब्बती अभियन्ताहरुलाई प्रहरीले सुनियोजित तवरले गिरफ्तार गर्‍यो ।

- मार्च (२०६७ फागुन) महिनामा खासगरी बृद्ध अवस्थाका तिब्बती महिलाहरुको वाहुल्यता रहेको एउटा ठूलो टोलीलाई बसबाट उनीहरुको आराधनास्थल जानबाट प्रहरीले रोक लगायो ।

## भेदभाव

जातीय, धार्मिक, लैंगिक, आर्थिक अवस्था र अपाङ्गताका आधारमा भेदभावहरु कायमै रहे । २४ मे (१० जेठ २०६८) मा जातीयत भेदभाव र छुवाछुत (कसुर र सजाय) सम्बन्धी ऐन पारित गरिएतापनि दलितहरुले निरन्तररुपमा सामाजिक र आर्थिक बाहेकीकरणको अवस्था भोग्नु पर्‍यो । लैंगिक विभेदले निरन्तरता पायो र यस्तो भेदभाव खासगरी सीमान्तकृत जात र समुदायका महिलाहरुलाई बढी मात्रामा भयो । दलित बालिकाहरु र ग्रामीण इलाकाका बालिकाहरुले शिक्षा र स्वास्थ्य सेवाको पहुँचमा भेदभावको सामना गर्नु पर्‍यो भने उनीहरु बालविवाहको जोखिममा रहनुका साथै उनीहरुले उच्चदरको कुपोषण सहनु पर्‍यो ।

## महिला र बालिका विरुद्धको हिंसा

प्रहरीले अक्सर घरेलु र लैंगिक हिंसाको उजुरी दर्ता गर्न अस्वीकार गर्ने गर्‍यो ।

- सेप्टेम्बर (२०६८ असोज) महिनामा एक जना महिलाले दैलेखमा सन् २००४ मा आफूलाई चार जना सैनिक अधिकृतले बलात्कार गरेको भन्दै उनीहरुका विरुद्ध बलात्कार र यातनाको उजुरी दर्ता गर्ने प्रयास गरिन् । तर दैलेख प्रहरीले बलात्कारको मुद्दामा ३५ दिन भित्रै उजुरी दर्ता गराउनुपर्ने समयसीमा सकिएको भन्दै उजुरी दर्ता गर्न अस्वीकार गर्‍यो । सन् २००६ (वि.सं. २०६३) मा सर्वोच्च अदालतले त्यस्तो समयसीमा अन्तर्राष्ट्रिय मापदण्ड विपरित भएकोले संसदलाई सो प्रावधान संशोधन गर्न आदेश दिएको भए पनि त्यो आदेश कार्यान्वयन भएन ।

## एम्नेस्टी इन्टरनेसनलको प्रतिनिधिमण्डलको भ्रमण/रिपोर्ट

- एम्नेस्टी इन्टरनेसनलको प्रतिनिधिमण्डलले मे (२०६८ जेठ) महिनामा नेपाल भ्रमण गरेको थियो ।

समाप्त